## बैठक नं. १०

आज मिति २०८२ साल चैत्र २२ गते आइतवारका दिन विहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | — |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | — |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | — |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | — |
| ११. | श्री तेज बहादुर रावल | सदस्य | — |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | — |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री भानुभक्त भट्ट | सचिव | |

अन्य उपस्थिति :-

१. सन्तराम कठरिया, प्रशासन शाखा प्रमुख

२. हिरालाल चौधरी, योजना तथा अनुगमन शाखा प्रमुख

३. योगेन्द्र शाही, ईन्जिनियर

४. लेखनाथ उपाध्याय, अधिकृत (ई.)

५. धर्मेन्द्र उपाध्याय, शिक्षा अधिकृत

६. अभिषेक कठरिया थारु, डी.पि.

**प्रस्ताव नं. १ :- आ.व. २०८३।०८४ को लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम सम्बन्धी मिति २०८२।११।२५ को सूचना अनुसार आर्थिक वर्ष २०८३।०८४ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजना/कार्यक्रम माग गर्न प्रस्ताव सहित विवरणहरु संघीय मामिला तथा सामान्य मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईमा पठाउने निर्णय गरियो। साथै तपसिलका आयोजनाको लागि जानकी गाउँपालिकाले स्थानीय तहबाट बेहोरिने कुल लागतको ३०% जानकी गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

<u>तपसिल:-</u>

| क्र. स. | प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | आयोजना स्थल | अनुमानित लागत | | | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रिय अनुदान (कुल लागतको ७०%) | स्थानीय तहबाट बेहोरिने रकम रु.(कुल लागतको ३०%) | कुल लागत | | |
| १. | दुर्गौली-मुनुवा सडक कालोपत्रे | जानकी-१ र ४ | १,६६,१८,४८३।९८ | ७१,२२,२०७।४२ | २,३७,४०,६९१।४० | बोलपत्र | |
| २. | शंकरपुर-मुनुवा सडक कालोपत्रे | जानकी-७ र ४ | १,६१,०८१,११३।९० | ६९,०३,४७६।३१ | २,३०,११,५८७।७० | बोलपत्र | |
| ३. | स्वास्थ्य चौकी निर्माण, जानकी-७ | जानकी-७ | ७०,४६,२९४।११ | ३०,१९,८४०।३३ | १,००,६६,१३४।४५ | बोलपत्र | |

**प्रस्ताव नं. २ :- आ.व. २०८३।०८४ को लागि प्रदेश समपूरक अनुदान अन्तर्गत आयोजना / कार्यक्रम माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग धनगढी,कैलालीको मिति २०८२।१२।१९ को सूचना अनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजना कार्यक्रम माग गर्न प्रस्ताव सहित विवरणहरु सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय गरियो।

तपसिल:-

| क्र. स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रकम रु. | समपूरक अनुदान रकम रु. | गाउँपालिका लागत सहभागिता रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | करुणा स्कुल हुदै-नेहा मेडिकल सडक कालोपत्रे, | जानकी-३ | १,८९,४१,७१४।५० | ९४,७०,८५७।२५ | ९४,७०,८५७।२५ | बोलपत्र | |
| २. | कालिका एस.के.कटेज देखि ५ नं. वडा जोड्ने सडक कालोपत्रे | जानकी-२ | १,९९,४३,३८८।१० | ९९,७१,६९४।०५ | ९९,७१,६९४।०५ | बोलपत्र | |
| ३. | जानकी पार्क निर्माण आयोजना | जानकी-३ | २,००,००,०००।- | १,००,००,०००।- | १,००,००,०००।- | बोलपत्र | |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२।१२।२२
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ३ :- आ.व. २०८३।०८४ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग धनगढी,कैलालीको मिति २०८२।१२।१९ को सूचना अनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजना कार्यक्रम माग गर्ने प्रस्ताव सहित विवरणहरु सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय गरियो।

तपसिल:-

| क्र. स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यालय शौचालय सुधार कार्यक्रम | जानकी | ४८,७३,२६३।५० | बोलपत्र | |
| २. | स्वास्थ्य चौकीहरुको लागि स्वास्थ्य उपकरण खरिद | जानकी | ५०,००,०००।- | बोलपत्र | |
| ३. | थारु लोककलाको हब निर्माण कार्यक्रम | जानकी | ५०,००,०००।- | बोलपत्र | |

**प्रस्ताव नं. ४ :- जानकी गाउँपालिकाको खानेपानी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथी छलफल गर्दा जानकी गाउँपालिकाको खानेपानी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा माथि दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ५ :- जानकी गाउँपालिकाको जलचर संरक्षण आचारसंहिता, २०८१ सम्बन्धमा।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथी छलफल गर्दा जानकी गाउँपालिकाको जलचर संरक्षण आचार संहिता, २०८२ माथि दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. ६ :- खानेपानी आयोजनाको समिक्षा सम्बन्धमा।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथी छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गत सञ्चालित निर्माणाधीन खानेपानी आयोजनाहरुको भौतिक प्रगतिहरुको समीक्षा गरियो र जग्गा विवादका कारण निर्माण कार्यमा अवरोध सिर्जना भएको ठेक्का नं. 04/WATER/PIU/JANAKI Construction of Munuwa Water Supply Project in Janaki Rural Municipality, Kailali आयोजनाको निर्माण कार्य सुचारु गर्न/गराउन सरोकारवालाहरुसँग समन्वय गरी जग्गा विवाद समाधान गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ :- प्रदेशस्तरीय आयोजना जानकी गाउँपालिका मार्फत कार्यान्वयन गर्न प्रदेश सरकारलाई वित्तीय हस्तान्तरणको लागि अनुरोध गर्ने सम्बन्धमा।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकारवाट यस जानकी गाउँपालिकामा कार्यान्वयन हुनेगरी तर्जुमा गरिएका तपसिल बमोजिमका आयोजनाहरु यस जानकी गाउँपालिका मार्फत कार्यान्वयन गर्न प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण गरिदिन अनुरोध गर्ने निर्णय गरियो।

तपसिल:-

| क्र.सं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | जानकी-७ मिलन चोकमा हनुमान मन्दिर निर्माण | १० लाख | |
| २. | जानकी-६, दर्शन ख्रिस्त्य मण्डलीको अधुरो भवन निर्माण | १० लाख | |
| ३. | जानकी-१, प्रशंसा ख्रिस्त्य चर्चमा भौतिक संरचना निर्माण | १० लाख | |
| ४. | जानकी-४, मुनुवा स्वास्थ्य चौकीमा गेट पर्खाल निर्माण | १० लाख | |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२/१२/२२
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ८ :- सडक मर्मतका लागि नदीजन्य पदार्थ सङ्कलन सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथी छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गतका सडकहरु वर्षायाममा बिग्रिने, भत्किने भएकाले उक्त सडकहरु मर्मत सम्भार गर्न नदीजन्य पदार्थ (ग्राभेल) सङ्कलन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :- उत्पादनमा आधारित अनुदानको लागि अपुग रकम र बनेको कार्यविधि सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथी छलफल गर्दा जानकी गाउँपालिकाद्वारा संचालित "उत्पादनमा आधारित अनुदान कार्यक्रम" अन्तर्गत अनुदानका लागि फारम पेश गरेका किसानहरुको सङ्ख्या बढी हुन गई विनियोजित बजेट अपुग हुने देखिएकोले आवेदक सम्पूर्ण किसानहरुलाई उक्त कार्यक्रममा समावेश गर्न जानकी गाउँपालिकाको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यविधि, २०८१ लाई संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :- विद्यालयमा भर्चुअल शिक्षण, इलर्नीङ, पुस्तकालय र विज्ञान प्रयोग शालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र संचालनको लागि विद्यालय छनौट सम्बन्धमा ।**

निर्णय नं. १०:- प्रस्ताव नं. १० माथी छलफल गर्दा जानकी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत ससर्त विद्यालयमा भर्चुअल शिक्षण, इलर्नीङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र संचालन कार्यक्रम बमोजिम जानकी गाउँपालिकाको कार्यालयबाट मिति २०८२/१०/०७ गते प्रकाशित २१ दिने सार्वजनिक सूचनाको बमोजिम तोकिएको समय भित्र रितपुर्वक प्रस्तावना पेश गरेका तपसिलका विद्यालयहरुमध्ये कार्यक्रम कार्यान्वियन कार्यविधि २०८२/०८३ मा उल्लेख भएका देहायका आधार तथा मापदण्ड बमोजिम अध्ययन तथा विश्लेषण गर्दा निम्न बमोजिमको विद्यालय छनौट गरियो ।

आधार तथा मापदण्ड:

(१) पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका/प्रयाप्त नभएका विद्यालय,

(२) शैक्षिक सत्र २०८२ विद्यार्थी संख्या उच्च रहेका प्रस्ताव पेश गरेका विद्यालय

(३) विद्यालयमा कम्प्यूटर विषय अध्यापन गर्ने विद्यालय,

(४) आवश्यक कोठा तथा अन्य पूर्वाधार रहेका विद्यालय ।

प्रस्तावना पेश गरेका विद्यालयहरुको विश्लेषणात्मक तालिका

| क्र. स. | विद्यालयको नाम, ठेगाना | पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका/प्रयाप्त नभएका विद्यालय | विद्यार्थी संख्या उच्च रहेका | विद्यालयमा कम्प्यूटर विषय अध्यापन गर्ने शिक्षक | आवश्यक कोठा तथा अन्य पूर्वाधार रहेका विद्यालय |
|---|---|---|---|---|---|
| १. | अरुणोदय मा.वि. खैरीफाँटा | पुस्तकालय, विज्ञान प्रयोगशाला, स्मार्ट वोर्ड को सुविधा भएको | ७६८ | भएको | भएको |
| २. | भृकुटी मा.वि. सुवर्णपुर | विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएको | ५०४ | भएको | भएको |
| ३. | सरस्वती मा.वि. दुर्गौली | विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएको | ३६१ | भएको | भएको |

अनुभरक भट्ट
प्रशासकीय अधिकृत

२०८२/१२/२२
गणेश चौधरी

CamScanner

माथि उल्लेखित तालिका विश्लेषण गर्दा विद्यालयमा विज्ञान प्रयोगशाला तथा ICT को तपसिल बमोजिमको विद्यालय छनौट गरियो ।

| क्र. स. | छनौट गरिएको विद्यालयको नाम , ठेगाना | कार्यक्रमको विवरण | विनियोजित बजेट रु. |
|---|---|---|---|
| १. | भृकुटी मा .वि. सुवर्णपुर ,३-जानकी | विद्यालयमा भर्चुअल शिक्षणपुस्तकालय र विज्ञान ,इलर्नीङ , प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र संचालन | १०,००,०००।- |

**प्रस्ताव नं. ११ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा पालिका तथा वडास्तरीय आयोजना/कार्यक्रम कार्यान्वयनको अवस्थाको समिक्षा र आवश्यकतालाई मध्यनजर गरी आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | कञ्चनपुर दुर्गौली सडक कालोपत्रे ठेक्का नं. NCB/JRM/W/04/2081/082 | ४३,००,०००।- | १. | राष्ट्रिय आधारभूत विद्यालय, गोलौरीको कक्षाकोठा मर्मत | जानकी-७ | १,५०,०००।- | कार्यालय/ सोझै खरिद | साविकको आयोजनाबाट रु. १,५०,०००।- रकमान्तर |
| २. | मेलमिलापकर्ताहरु लाई पोशाक वितरण कार्यक्रम | २,००,०००।- | २. | वड्घरहरुलाई मेलमिलाप सम्बन्धी अभिमुखीकरण | जानकी गाउँपालिका | ७०,०००।- | कार्यालय/ सोझै खरिद | साविकको कार्यक्रमबाट रु. ७०,०००।- रकमान्तर |
| ३. | वडा स्तरीय साँस्कृतिक कार्यक्रम | ७०,०००।- | ३. | ह्युम पाईप जडान | जानकी-४ | ३,७०,०००।- | कार्यालय/ सोझै खरिद | वडा स्तरीय आयोजना |
| ४. | ह्युम पाईप जडान | ३,००,०००।- | | | | | | |

**प्रस्ताव नं. १२ :- टीकापुर स्थित गौशालालाई सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ५ स्थित गौशालामा रहेका सामुदायिक छाडा पशु चौपायाहरुको आहारा व्यवस्था गर्न सहयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आर्थिक सहयोग मागको कारण मुनासिव देखिएकोले तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | सिर्जनशिल अपाङ्ग संघ, जानकी-१, दुर्गौली, कैलाली | १०,५६०।- | अन्य सामाजिक सहायता | राष्ट्रिय अपाङ्ग महासंघ नेपालको १० औं महाधिवेशनमा सहभागी हुन बुटवल जानका लागि ४ जनाको यातायात खर्च सहयोग |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२।१२।२२
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner